पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ८६/०७८
चलानी नं./Ref. No. :

मितिः २०७७/०७/१४

**अनिवार्य पि.सि. आर. गरी आउनुपर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!**

विश्वभर महामारीमा रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस पूर्वखोला गाउँपालिका सचेत रहँदै समुदायस्तरमा फैलिन नदिन अथक प्रयासहरु गर्दा गर्दै पनि समुदायस्तरमा कोरोना भाईरस (कोभिड-१९) संक्रमण फैलिएको कुरा सर्वविदितै छ । साथै नेपालीहरुको चाड वडादशैं सकिएको र तिहार नजिकिदैं गर्दा भारत लगायत विदेशी मुलुक तथा देश भित्रका अन्य जिल्लाबाट यस पाल्पा जिल्लाको पूर्वखोला गाउँपालिकामा भित्रिने व्यक्तिहरुको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको र त्यस्ता स्थानबाट आउने ब्यक्ति सोझै घर / समुदाय स्तरमा घुलमिल हुदाँ कोरोना भाईरस समुदाय स्तरमा फैलिन सक्ने जोखिम उच्च भएकोले भारत लगायत अन्य मुलुक तथा देश **भित्रका अन्य जिल्लाबाट यस पाल्पा जिल्लाको पूर्वखोला गाउँपालिकामा आउँदा प्रत्येक जनप्रतिनिधि, कर्मचारी, शिक्षक** लगायत सर्वसाधारणले अनिवार्य रुपमा पि.सि.आर. परिक्षण गराई ७२ घण्टा भित्रको पि.सि.आर. नेगेटिभ रिपोर्ट साथमा लिएर नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाई आउनुपर्नेछ अन्यथा यस गाउँपालिकाले निर्माण गरेको तोकिएको क्वारेन्टाइनमा अनिवार्य १४ दिन बस्नुपर्ने व्यवस्था गरिएको हुदाँ सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सूचनाको अवज्ञा गरी ७२ घण्टा भित्रको पि.सि.आर. नेगेटिभ रिपोर्ट नलिई लुकिछिपी आउने, समुदायमा घुलमिल हुने तथा त्यस्ता व्यक्तिहरु लुकिछिपी भित्र्याउने र राख्न सहयोग गर्ने जस्ता कार्य गरेको पाईएमा संक्रमण रोग ऐन, २०२० बमोजिम कारवाहिका लागि सिफारिस गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

पूर्वखोला गाउँपालिकाको जनस्वास्थ्य र जनहितका बारेमा सचेत रहेको छ ।

मोहन ढकाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**नोटः पि.सी.आर. (नेगेटिभ) रिपोर्ट पूर्वखोला गाउँपालिकाको स्वास्थ्य शाखा वा सम्बन्धित वडाको स्वास्थ्य चौकीमा बुझाएपश्चात घर जानुपर्ने छ ।**